尼泊爾文 Nepali

# किन्डरगार्टन जाने उमेरका बच्चाहरूलाई सहयोग गर्ने



# विषय सूची


| | | |
|---|---|---|
| | भूमिका | 2 |
| पाठ 1 | बाल विकासबारे तपाईँ कति जान्नुहुन्छ | 4 |
| पाठ 2 | तपाईँको बच्चाहरूलाई सुखी भएर हुर्कन कसरी सहयोग गर्ने | 10 |
| पाठ 3 | असल किन्डरगार्टन भनेको के हो | 18 |
| पाठ 4 | मातापिताहरूले आफ्ना बच्चाहरूलाई विद्यालय जीवन शुरू गर्न कसरी मद्दत गर्न सक्छन् | 26 |
| पाठ 5 | नयाँ पुस्ताको पालनपोषणका लागि घर-विद्यालयको सहयोगिता | 34 |
| पाठ 6 | व्यापक तथा रमाइलो पठनपाठनद्वारा बच्चाहरूको क्षमताको विकास | 38 |
| परिशिष्ट 1 | शिशु सेवा संस्थाहरू | 44 |
| परिशिष्ट 2 | शिक्षा विभाग अन्तर्गत क्षेत्रीय शिक्षा कार्यालयहरू | 48 |
| परिशिष्ट 3 | नि:शुल्क गुणस्तरीय किन्डरगार्टेन शिक्षा | 50 |
| परिशिष्ट 4 | किन्डरगार्टेन शैक्षिक पाठ्यक्रम मार्गदर्शक | 51 |




# भूमिका

**परिवार भनेको हाम्रो जीवनमा हामीले पहिलो पटक शिक्षा पाउने ठाउँ हो। मातापिताहरूले आफ्नो बच्चाहरूको विकास तथा शिक्षामा महत्वपूर्ण भूमिका निभाउँछन्। शिक्षा विभाग (EDB) सबै मातापिताहरूलाई निम्न सन्देश दिन चाहन्छ:**

1. शिक्षा परिवारबाट शुरू हुन्छ। मातापिताहरू नै आफ्ना बच्चाहरूको पहिलो तथा सर्वाधिक महत्वपूर्ण शिक्षकहरू हुन्;
2. बच्चाको सम्भारमा, किन्डरगार्टनहरूले निश्चित रूपमा एउटा महत्वपूर्ण भूमिका निभाएका हुन्छन्, तर यिनीहरूले परिवारबाट पाउने शिक्षाको ठाउँ कहिल्यै पनि लिन सक्दैनन्।





# किन्डरगार्टन जाने उमेरका बच्चाहरूलाई सहयोग गर्ने



यसै अवसरमा हामी सन्देशका साथै बच्चाहरूसँग व्यवहार गर्ने सीपबारे मातापिताहरूको ध्यान आकर्षण गराउन चाहन्छौं। आफ्ना बच्चाहरूलाई जीवन पर्यन्त शिक्षाको जग बसाल्ने एउटा साझा लक्ष्य प्राप्तिका लागि मातापिता र विद्यालय मिलेर काम गर्नु पर्ने देखिन्छ। बच्चाहरूलाई उनीहरूको विकास सम्बन्धी आवश्यकता पूरा गर्ने प्रकारको जीवनको एउटा आनन्दमय तथा विविध अनुभवहरू प्रदान गरेर यो लक्ष्य प्राप्त गर्न सकिन्छ, जसको फलस्वरूप शिक्षाप्रति उनीहरूको रुचि जगाउन र एउटा असल जीवन यापन गर्ने बानीहरू अपनाउन सहयोग गर्न सकिन्छ।

बच्चाहरूको पालनपोषण मातापिताको एउटा अन्तर्निहित कर्तव्य हो र बच्चाहरूको देखभाल गर्नु एउटा कला हो। बच्चाहरूको स्वस्थ तथा सुखी विकास सुनिश्चित गर्ने क्रममा सम्पूर्ण मातापिताहरूले एउटा सक्रिय भूमिका खेल्नु हुनेछ भन्ने हामी आशा राख्छौं। यस पुस्तिका माथि मानिसहरूको राय तथा सुझावको हार्दिक स्वागत गर्दछौं। कृपया तपाईंको टिप्पणी Kindergarten Inspection Section, Education Bureau, Wu Chung House, 213 Queen's Road East, Wan Chai, Hong Kong मा पठाउनुहोला।

पाठ 1



# बाल **विकासबारे** तपाईँ कति जान्नुहुन्छ



पाठ 1

# बाल विकासबारे तपाईँ कति जान्नुहुन्छ



## तपाईँ किन्डरगार्टन बच्चाहरूका बारेमा जान्नु हुन्छ?

**उनीहरू के भन्छन् ल सुनौँ त:**

- शुरूका वर्षहरूमा, मेरो शरीरको वृद्धि चाँडो गतिमा भयो। शरीर चलाउँदा समन्वय सिक्न तथा स्थान सम्बन्धी विभिन्न अवधारणाहरू जस्तै माथि वा तल, टाढा वा नजिक जस्ता कुराहरूबारे बुझ्न मैले धेरै कसरत गर्नु पर्थ्यो। मलाई दगुर्न, उफ्रन, चढ्न, साइकल चलाउन मन लाग्थ्यो। कृपया मलाई हरेक दिन पर्याप्त शारीरिक कसरत गर्न दिनुहोस् जसको सहायताले म अग्लो र बलियो हुन सक्नेछु।

- म तीन वर्ष पुग्दा, लेख्न वा चित्र कोर्नलाई राम्ररी पेन्सिल समाउन सक्दिनथें। मलाई स्वतंत्र प्रकारको चित्र कोर्न र लेख्न थाल्नु भन्दा पूर्वको खेलहरू जस्तै प्ले-डो, बिड-थ्रेडिङ आदिका लागि धेरै अवसर चाहिन्थ्यो। चार वा पाँच वर्षको बीचमा, आफ्नो औंला तथा पेन्सिलमाथि नियन्त्रण राम्रो हुन थाल्यो। मेरो समन्वयमा पनि सुधार हुन थाल्यो। त्यसपछि म लेख्न तयार भएँ।

- मेरो परिष्कृत शारीरिक चाल क्षमताहरूमा अभ्यास गर्न मलाई धेरै खेलौनाहरूसँग खेल्नु पर्थ्यो। खेलौनाहरू खेल्नु रमाइलो लाग्थ्यो। यसबाट मेरो बौद्धिक विकासमा पनि मद्दत पुग्यो। कुनै कुनै खेलौनाहरू, जस्तै ब्लक र प्ले-डोद्वारा मेरो सृजनशीलता मुक्त हुन पाउँथ्यो। पानी र बालुवामा खेल्दा मेरो भावनाहरू शान्त हुन्थे। खेलका माध्यमबाट सिक्दा आनन्दमय सिकाइ वातावरण पाउथें, र मलाई छिटो सोच्न र राम्ररी सिक्न सहयोग मिल्थ्यो!

- सर्वप्रथम किन्डरगार्टनमा प्रवेश गर्दा, म स-साना वाक्यांशहरू मात्र भन्न सक्थें। मलाई आफैँसँग कुरा गर्न र ठूलाहरूले भनेका कुराहरूको नक्कल गर्न मन पर्थ्यो। किन्डरगार्टनमा, मैले खेल तथा रोल-प्ले र काल्पनिक खेल जस्ता कृयाकलापहरूको माध्यमबाट सिक्ने गर्थें। वर्ष बित्दै जाँदा मेरो भाषिक क्षमतामा सुधार हुँदै गयो। कुनै बेला, म बढी जटिल वाक्यहरू तथा अमूर्त शब्दहरूको प्रयोग गर्दै बढ्ता प्रभावकारी ढङ्गमा कुराकानी गर्न सक्ने भएँ!



# बाल विकासबारे तपाईँ कति जान्नुहुन्छ

- किन्डरगार्टनमा भर्ना भएपछि, म अलिक आत्म-केन्द्रित भएँ र अरूको विचार वा धारणा बुझ्न सक्दिन थिएँ। किन्डरगार्टनका अन्य बच्चाहरूसँग खेल्दा अरूसँग मेलमिलाप गर्न आवश्यक पर्ने उचित व्यवहार सिक्न सहायता पुग्यो। यसै समयमा, मेरो आत्म नियन्त्रणमा सुधार भयो र समूहको हिस्सा हुँदा नियमहरूको पालन गर्न जान्ने भएँ।
- मलाई सङ्गीत मन पर्थ्यो र प्राय यसमा डुब्थे। किन्डरगार्टनमा, मैले गाना गाउने, धुन सुनेर हल्लने तथा अरू बच्चाहरूसँग साङ्गीतिक खेल खेल्ने धेरै अवसरहरू पाएँ। यसबाट मेरो साङ्गीतिक कलामा बल दिन, सङ्गीतमा मेरो रुचिको विकास गर्न, र मेरो कल्पनाको विकासमा सहयोग पुग्यो!
- मलाई कला र हस्तकला मन पर्थ्यो। किन्डरगार्टनमा, शिक्षकहरूले मलाई हेर्न, चित्र कोर्न, अन्वेषण गर्न तथा विभिन्न कला सामग्रीहरूद्वारा सृजना गर्ने मौका दिनुहुन्थ्यो। म आफ्नो वरिपरिका वस्तुहरू प्रति बढी सचेत हुन थालेँ र यसले गर्दा मेरो सुझबुझ र रसास्वादनमा सहायता पुग्यो। विस्तारै सँग, म साधारण चित्रहरू जस्तै मानिस, घर, हवाईजहाज आदिको चित्र बनाउन सक्ने भएँ। मैले आफ्नो कल्पनाद्वारा आफैँलाई व्यक्त गर्न तथा मेरो आफ्नै चित्र बनाउन सक्ने भएँ।
- किन्डरगार्टनमा प्रवेश गर्नु भन्दा पूर्व, मलाई खाना खान, लुगा लगाउन र चीजबीज मिलाउन ठूला मानिसहरूको सहायता चाहिन्थ्यो। किन्डरगार्टनमा, मैले खाना खान, हात धुन, मुख पुछ्न, र स्वयं शौचालय जान सक्ने भएँ। आमा बुवा, कृपया मलाई प्रयास गर्ने धेरै अवसरहरू दिनुहोस्, जसले गर्दा म आफ्नो देखभाल राम्ररी गर्न सक्ने र असल व्यक्तिगत सरसफाइका आदतहरू अपनाउन सक्ने हुन्छु।
- शुरूका वर्षहरूमा, मैले जीवनका वास्तविक अनुभवहरूबाट सिक्न पाएँ। मेरो वरिपरिको वस्तुहरूको छानबिन गर्न मैले मेरो इन्द्रिय शक्तिको प्रयोग गर्न थालेँ, जस्तै मैले आफ्नो आँखाले हेर्न, हातले कुनै वस्तुमा छुन तथा चलाउन थालेँ। शुरूमा, मैले अन्तर्ज्ञानद्वारा वस्तुहरूको अडकल लगाउथेँ। अरूसँग कुराकानी गर्दा मेरो अनुभवमा सुधार हुँदै जाँदा, अमूर्त तर्क र अवधारणाहरू जस्तै शब्द तथा सङ्केतहरू राम्ररी बुझ्न थालेँ।

## मातापिताहरूले निम्न कुराहरूको ध्यान राख्नुपर्छ:

**प्रत्येक बच्चाको वृद्धि तथा विकास एउटै हुन्छ, तर प्रत्येकको विकास आ आफ्नै गतिमा हुन्छ। हरेक बच्चा अलग हुने भएकोले, एका अर्कामा बच्चाहरूको तुलना न गर्नुहोस्।**





# तपाईँको बच्चाहरूलाई सुखी भएर हुर्कन कसरी **सहयोग** गर्ने



# तपाईँको बच्चाहरूलाई सुखी भएर हुर्कन कसरी सहयोग गर्ने

**शरीर, बुद्धि तथा भावनाको क्षेत्रमा एउटा सन्तुलित विकासद्वारा नै स्वस्थ तथा सुखी वृद्धि हुन सक्छ।**

## तपाईँको बच्चाहरूको शारीरिक स्वास्थ्यको देखभाल

- बच्चाहरूमा चाँडो सुत्ने तथा बिहान चाँडै उठ्ने आदत बसाउनुहोस्
- उनीहरूलाई पर्याप्त निदाउन दिनुहोस्
- बस्दा र उठ्दा शरीरको अवस्थाबारे उचित तरिका सिकाउनुहोस्।
- व्यक्तिगत सरसफाइबारे उनीहरूको ज्ञानमा वृद्धि गर्नुहोस्
- उनीहरूलाई एउटा सन्तुलित तथा ताजा खानेकुरा उपलब्ध गराउनुहोस्





- उनीहरूलाई खाना खाने पर्याप्त समय दिनुहोस्
- निम्न अनुसारका असल खानपानका आदतहरू बसाउन सहयोग गर्नुहोस्:
  - ➢ एउटा सन्तुलित खानपान कायम गर्ने
  - ➢ नियमित समयमा ठिक्क मात्रामा खाना खाने
  - ➢ धेरै खाजा खाइ रहने बानी नगर्ने
  - ➢ खाना खानुभन्दा पहिला हात धुने
  - ➢ खाना नफ्याँक्ने
- घर तथा वरिपरि सुरक्षित रहने उपायहरू अपनाउनुहोस्।
  - ➢ बच्चाहरूको लागि वातावरणमा अवस्थित सम्भावित खतराहरूको पत्ता लगाउनुहोस्।
- उनीहरूको समन्वय तथा स्व-देखभाल क्षमतामा विकास गर्ने उद्देश्यले उनीहरूलाई आफ्नो देखभाल आफैँ गर्न, जस्तै लुगा लगाउन, चीजबीज मिलाउन सहयोग गर्नुहोस्।
- उनीहरूलाई पर्याप्त शारीरिक कृयाकलाप गर्न दिनुहोस्।

पाठ 2

# तपाईँको बच्चाहरूलाई सुखी भएर हुर्कन कसरी सहयोग गर्ने

## तपाईँको बच्चाहरूको बौद्धिक विकासलाई सहज बनाउनुहोस्

- आफ्ना बच्चाहरूसँग कुराकानी गर्ने धेरै अवसरहरू लिनुहोस्। उनीहरूलाई आफ्नो विचार तथा राय स्वतंत्र भएर व्यक्त गर्न खुल्ला प्रकारका प्रश्नहरू गर्ने गर्नुहोस्।
- उनीहरूको कुरा धैर्यता साथ सुन्नुहोस् तथा उनीहरूको विचार र भावनालाई बुझ्ने प्रयास गर्नुहोस्।
- आफ्ना बच्चाहरूलाई उपयुक्त मार्गदर्शन गर्नुहोस्, र दैनिक जीवनमा उनीहरूले सिकेका कुराहरू अरूलाई बताउन प्रोत्साहन गर्नुहोस्।
- बच्चाहरूसँग नियमित रूपमा पुस्तकालय जाने गर्नुहोस्, र पढाइमा उनीहरूको रुचि जगाउन सँगै बसेर पुस्तकहरू पढ्नुहोस्।
- उनीहरूलाई प्राय सङ्गीत सुन्न दिनुहोस्। यसबाट उनीहरूको भावना, ध्यान र कल्पनामा मद्दत पुग्नेछ।
- आफ्ना बच्चाहरूसँग बढी समय खेलेर बिताउनुहोस्।
  - ➢ उनीहरूलाई कुनै कुरामा अगुवाइ गर्न दिनुहोस् तथा उनीहरूको सृजनशीलता र कल्पना शक्तिको विकासमा सघाउ पुर्याउने उद्देश्यले अति धेरै निर्देशनहरू र रोकटोकहरू न गर्नुहोस्।
- आफ्ना बच्चाहरूका लागि कसरी खेलौना छान्ने भन्ने सम्बन्धमा सामान्य सुझावहरू:
  - ➢ उनीहरूको क्षमता अनुसार खेलौना छान्नुहोस्
  - ➢ उनीहरूको रुचि अनुसार खेलौना छान्नुहोस्
  - ➢ तीखो तथा धारिलो खाले र स-साना भागहरू हुने नरोज्नुहोस् र खेलौनाका लागि प्रयोग गरिएको वस्तु पनि सुरक्षित हुन पर्छ
  - ➢ उनीहरूको सृजनशीलता मुक्त गर्न विविध तथा खुल्ला सामग्रीहरूको प्रयोग गर्नुहोस्
  - ➢ आफ्नै खेलौनाहरू तयार गर्न घरेलु सरसामान तथा पुनः प्रयोग गरिने वस्तुहरूको प्रयोग गर्नुहोस्



- तपाईँको बच्चाहरू उनीहरूको खेलौनासँग खेलिरहँदा, निम्न कुराहरूमा ध्यान दिनुहोस्:
  - ➢ एकै समयमा उनीहरूलाई धेरैवटा खेलौना न दिनुहोस्
  - ➢ खेलि सकेपछि सबै कुरा मिलाएर राख्न प्रोत्साहन गर्नुहोस्
  - ➢ आफ्नो खेलौनाहरूको कदर गरेर राख्न तथा नयाँ पाएपछि पुरानो खेलौना नफ्याँक्न सिकाउनुहोस्
- आफ्नो बच्चाहरूको लागि उपयुक्त टेलिभिजन कार्यक्रम तथा कम्प्युटर खेलहरू रोज्नुहोस्। सँगै बसेर टिभी हेर्नुहोस् र आवश्यक भएमा बुझाउने गर्नुहोस्। उनीहरूलाई टिभी हेर्दा वा कम्प्यूटरमा हेर्दा आफ्नो आँखा बचाउने उचित तरिका सिकाउनुहोस्।
- उनीहरूको जीवनको अनुभवमा वृद्धि गर्ने उद्देश्यले बच्चाहरूलाई भ्रमण वा प्रदर्शनीहरूमा लाने गर्नुहोस्। बच्चाहरूको सामान्य ज्ञानमा विस्तार गर्न उनीहरूसँग सान्दर्भिक विषयमा छलफल गर्ने गर्नुहोस्।

पाठ 2

# तपाईँको बच्चाहरूलाई सुखी भएर हुर्कन कसरी सहयोग गर्ने

## तपाईँको बच्चाको भावनात्मक तथा व्यवहारात्मक विकासबारे ध्यान पुर्याउने

- सबै बच्चाहरूलाई माया र सहयोगको जरूरत पर्दछ। तपाईँले उनीहरूको वैयक्तिक विशेषता स्विकार्नु पर्छ र उनीहरूलाई विशिष्ट तथा उपयुक्त प्रोत्साहन प्रदान गर्नु पर्दछ। उनीहरूलाई आफ्नो आत्म सम्मान निर्माण गर्न सहयोग गर्नुहोस्।
- अरूलाई सम्मान कसरी गर्ने भनेर उनीहरूले सिक्नु भन्दा पहिला बच्चाहरूलाई पनि सम्मान गर्न आवश्यक हुन्छ। उनीहरूले के भन्छन् भनेर सुन्नुहोस्, र उनीहरूको भावनाको सम्मान गर्ने तथा बुझ्ने प्रयत्न गर्नुहोस्। यसबाट बच्चाहरूलाई आफ्नो आत्म सम्मानको निर्माण गर्न मद्दत पुग्छ।
- बच्चाहरूलाई अरूको नक्कल गर्न मन पर्छ। ठूला मानिसहरू सँधै उनीहरूको आदर्श बनेर देखाउनु पर्छ। याद राख्नुहोस्, तपाईँको कर्म तपाईँको बोली भन्दा बढी शक्तिशाली हुन्छ।
- परिवारका सदस्यहरू माझ असल व्यवहार तथा मेलमिलाप भनेको बच्चाहरूले सुरक्षित महसुस गर्ने आधारहरू हुन्। एक अर्कामा राम्रो स्नेहपूर्ण वातावरणमा हुर्कने बच्चाहरू भावनात्मक रूपमा बढ्ता स्थिर हुन सक्छन्।
- बच्चाहरूले प्राय कुराहरू आंशिक रूपमा बुझ्ने गर्छन्। उनीहरूले के र कसरी गर्नु पर्छ भन्ने सन्दर्भमा तपाईँले धैर्यता साथ पूरै उनीहरूको मार्गदर्शन गर्नुपर्छ। तपाईँले दिने निर्देशनहरू स्पष्ट तथा निर्दिष्ट हुनुपर्छ, जस्तै "खेलौनाहरू नहराउ" भन्नुको साटो "कृपया खेलौनाहरू बास्केटमा थन्क्याउ" भन्नुहोस्।
- आफ्ना बच्चाहरूलाई लाडे बनाउनु वा छाडा छोड्नाले सही गलत छुट्याउने उनीहरूको क्षमतामा बाधा उत्पन्न गराउँछ। यदि उनीहरूको व्यवहार खतरनाक, खलबली मचाउने वा ध्वंशात्मक हुन गएमा, तपाईँले तुरुन्तै रोक्नु पर्छ।
- तपाईँको बच्चाहरूलाई व्यक्तिगत आलोचना गर्नु भन्दा भएको गल्तीमा औँल्याउनुहोस्, जस्तै "तिमी अत्यन्त खराब बच्चा हौ" नभनेर "तिमी खुशी छैनौ भन्ने मलाई थाहा छ, तर फूलदानीमा आफ्नो रिस पोख्नु उचित होइन" भन्ने गर्नुहोस्।



- तपाईँलाई आफ्नो बच्चाहरूको व्यवहार ठीक नलाग्न सक्छ, तरैपनि तपाईँले उनीहरूको भावनाको कदर गर्ने प्रयास गर्न सक्नुहुन्छ।
- तपाईँको बच्चाहरूलाई अपमानजनक, ध्वंशात्मक वा आक्रामक व्यवहार अपनाउनु भन्दा आफ्नो भावनालाई शब्दमा व्यक्त गर्न प्रोत्साहन गर्नुहोस्।
- तपाईँको बच्चाहरूको भावनालाई बाहिर आउन दिन उपयुक्त मनोरञ्जक कृयाकलाप तथा खेलहरूको व्यवस्था गर्नुहोस्। जस्तै, उनीहरूलाई कुनै पार्कमा लगेर निस्फिक्र भएर दगुर्न वा खेल्न दिनुहोस्।
- तपाईँको बच्चाहरूलाई ससानो कुराहरूमा रोज्ने अवसर दिनुहोस्। उदाहरणको लागि, उनीहरूको लुगाको रङ्ग रोज्न दिनुहोस्, र मात्र उनीहरूले आफ्नो सम्मान भएको ठान्नेछन् र स्वतंत्रताको आनन्द उठाउन सक्छन्।

## मातापिताहरूले निम्न कुराहरूको ध्यान राख्नुपर्छ:

**बच्चाहरू हुर्कँदै गएपछि, सिक्ने वा जीवनको वास्तविक परिस्थितिमा उनीहरूलाई समस्याहरू पर्न सक्छ। यी मध्ये धेरैजसो समस्याहरू गम्भीर वा स्थायी प्रकारका हुँदैनन्। उनीहरूलाई उपयुक्त तथा समयमै सहयोग उपलब्ध गर्न चाहेमा यस्ता समस्याहरूको समाधान गर्न सकिन्छ। तपाईं अत्याधिक चिन्तित हुनु हुँदैन, बरु सकेसम्म चाँडो विद्यालयको प्रधानाध्यापक, शिक्षक वा सम्बन्धित व्यावसायिक व्यक्तिलाई सम्पर्क गर्दै एउटा सकारात्मक एवं स्वीकार्य मार्ग अपनाउन सक्नुहुन्छ (परिशिष्ट 1 हेर्नुहोस्)। यसरी मिलेर, तपाईंले एउटा समाधान निकाल्न सक्नुहुन्छ जसको फलस्वरूप, तपाईंको बच्चाहरूको स्वस्थ तथा सुखी विकासमा टेवा पुग्न जानेछ।**



# **असल** किन्डरगार्टन भनेको के हो



# असल किन्डरगार्टन भनेको के हो

## वातावरण तथा सुविधाहरू

- एउटा सुरक्षित तथा स्वच्छ भौतिक वातावरण
- खेल्न पुग्ने फराकिलो ठाउँ
- विभिन्न खाले खेलौना तथा सिकाइ सामग्रीहरू
- बच्चाहरूको आवश्यकताको पूर्ति गर्ने व्यापक शिक्षण सुविधा तथा सामग्री
- सिक्नमा सहायता पुग्ने एउटा उत्प्रेरक वातावरण







## विद्यालय व्यवस्थापन

- *शिक्षा अध्यादेश र शिक्षा नियमावली (Education Ordinance and Education Regulations)* को पालन गर्नुहोस्।
- दर्ता प्रमाणपत्र तथा शुल्क प्रमाणपत्र विद्यालय परिसरमा प्रस्ट दखिने ठाउँमा टाँस्नुहोस्।
- कक्षा कोठामा अनुमति प्राप्त विद्यार्थी सङ्ख्या प्रत्येक कक्षाको प्रस्ट दखिने ठाउँमा टाँस्नुहोस्।
- *शिक्षा नियमावली (Education Regulations)* का आधारमा शिक्षकहरू नियुक्त गर्नुहोस्।
- बच्चाहरूका लागि उचित प्रकारले खानेकुरा तथा यातायातको प्रबन्ध गर्नुहोस्।
- पारदर्शी बन्नुहोस्। विद्यालयको सञ्चालन, विकास तथा भविष्यको योजना सम्बन्धमा मानिसहरूलाई जानकारी दिनुहोस्।

## विद्यालयको लक्ष्य

- सामाजिक विकासको अनुरूप हुनुपर्छ
- मातापिताहरूले स्वीकार्ने हुनुपर्छ

# असल किन्डरगार्टन भनेको के हो



## पाठ्यक्रमको उद्देश्य

- हङकङको पूर्व प्राथमिक शिक्षा नीति एवं बाल विकासका विशेषताहरूको अनुरूप हुनुपर्छ
- बच्चाहरूको सकारात्मक सिकाइ व्यवहार तथा असल चालचलनको प्रवर्द्धन गर्ने हुनुपर्छ
- सर्वाङ्गीण तथा सन्तुलित विकासको लक्ष्य प्राप्त गर्न बच्चाहरूको पालनपोषण गर्ने हुनुपर्छ

## पाठ्यक्रमका विषयवस्तु

- बच्चाहरूको क्षमता, रुचि तथा खाँचोहरूको आधारमा शिशु केन्द्रित पठनपाठन कृयाकलापहरूको आयोजन गर्नुहोस्।
- बच्चाहरूलाई खेल तथा कृयाकलापहरूका माध्यमबाट रमाइलो प्रकारले सिक्न दिने
- बच्चाहरूको सामाजिक सीप तथा सृजनशीलताको विकास गर्ने कृयाकलापहरू उपलब्ध गर्ने
- बच्चाहरूका लागि प्रत्येक दिन पर्याप्त साङ्गीतिक तथा शारीरिक कृयाकलापहरूको व्यवस्था गर्ने



## शिक्षण तथा पठनपाठन

- शिक्षकहरूलाई व्यावसायिक ज्ञान तथा भावले भरिपूर्ण बनाउनु पर्छ।
- शिक्षकहरू मित्रवत तथा धैर्य हुनु पर्छ, बच्चाहरूसँग एउटा असल सम्बन्ध स्थापित गर्न सक्ने हुनुपर्छ।
- उनीहरूको स्वयं सिक्ने क्षमतामा सुधार गर्ने उद्देश्यले बच्चाहरूलाई प्रत्येक दिन उनीहरूको आफ्नै कृयाकलाप रोज्ने मौका दिनुपर्छ।
- शिक्षकहरूले वैयक्तिक भिन्नताहरूको कदर गर्दै सो अनुसार खाँचो पूरा गर्नु पर्दछ।
- शिक्षकहरूले पठनपाठन क्षेत्र र खेल सामग्रीहरूको सदुपयोग गर्नु पर्छ।
- बच्चाहरूको क्षमताको अनुकूल हुने गरी घरमा गर्ने कामहरूको मात्रा उपयुक्त हुनुपर्छ तथा विविध प्रकारको हुनु पर्छ।



## सिकाइ मूल्याङ्कन

- मूल्याङ्कनहरू बाल विकासको सिद्धान्त बमोजिम हुनुपर्छ। एउटै कक्षाका सम्पूर्ण बच्चाहरूले एकै स्तरको नतिजा देखाउन सक्छन् भनेर अपेक्षा न गर्नुहोस्, र उनीहरूलाई एकअर्कामा तुलना पनि न गर्नुहोस्।
- विभिन्न क्षेत्रमा बच्चाहरूको कार्य सम्पादन तथा प्रगतिको निरन्तर अवलोकनका आधारमा उनीहरूको मूल्याङ्कन हुनुपर्छ। डिक्टेशन, जाँच वा परीक्षाहरूलाई मूल्याङ्कनका आधारका रूपमा प्रयोग गर्नु हुँदैन।
- मातापिताहरूलाई मूल्याङ्कन प्रक्रियामा सामेल गराउनुहोस्। जस्तै, घरमा बच्चाहरूले कस्तो गर्छन् भनेर विद्यालयमा रेकर्ड राख्ने उद्देश्यले जानकारी लिन मातापिताहरूलाई बोलाउनुहोस्।

**शिक्षा वि भागले प्रत्ये क वर्ष आफ्ना बच्चाहरूको लागि कि न्डरगार्टन वा शिशु स्या हार केन्द्र हरूको रोजाइ गर्न मातापि ताहरूको लागि कि न्डरगार्टन तथा कि न्डरगार्टन-सह-शिशु स्या हार केन्द्र हरूको वि वरण (*Profile of Kindergartens and Kindergarten-cum-Child Care Centres*) प्रकाशित गर्छ। प्रोफाइलमा दिइएका जानकारीहरूमा वि द्यालयको भूमिका तथा विशेषताहरू, शुल्क, कर्म चारीहरूको योग्यता, पाठ्यक्रमबारे जानकारी, वि द्यार् थी सङ्ख्या, वि द्यार् थीहरू र शिक्षकहरूको अनुपात, वि द्यालयमा उपलब्ध सुविधाहरू पर्दछन्। उक्त प्रोफाइल EDB को क्षेत्रीय शिक्षा कार्या लयहरू, गृह मामिला वि भागको सार्व जनि क सोधपुछ सेवा केन्द्र, स्वा स्थ्य वि भागको मातृ शिशु स्वा स्थ्य केन्द्र हरू, सामाजि क कल्याण वि भागको एकीकृत परिवार सेवा केन्द्र, र सार्व जनि क पुस्तकालयहरूमा उपलब्ध हुन्छ। माताापि ताहरूले नि म्न वेबसाइटहरूमा पनि हेर्न सक्नुहुन्छ:**

http://www.edb.gov.hk **वा** http://www.chsc.hk/kindergarten/





# मातापिताहरूले आफ्ना बच्चाहरूलाई विद्यालय जीवन शुरू गर्न कसरी **मद्दत** गर्न सक्छन्



पाठ 4

# मातापिताहरूले आफ्ना बच्चाहरूलाई विद्यालय जीवन शुरू गर्न कसरी मद्दत गर्न सक्छन्



**किन्डरगार्टनको शिक्षाले बच्चाहरूको नयाँ चरणको शुरूवात हुन्छ। बच्चाहरूलाई विद्यालयको जीवनमा घुलमिल हुन सहायता गर्न विद्यालय तथा मातापिताहरू मिलेर काम गर्न अत्यन्त जरूरी हुन्छ। तपाईंको बच्चाले विद्यालय अध्ययन गर्नु भन्दा पहिला तथा प्रारम्भिक चरणमा, तपाईंले निम्न प्रकारले उनीहरूको विद्यालय जीवनको तयारी गर्न सहायता गर्न सक्नुहुन्छ:**

- घरमा, बच्चाहरूलाई उनीहरूको आत्म निर्भरता क्षमतामा विकास गर्ने धेरै अवसरहरू दिनुहोस्, जस्तै:
  - ➢ लुगा लगाउने: बटन, जीप लगाउने, जुत्ताको फिता बाँध्ने
  - ➢ चीजबीजहरू मिलाएर राख्ने
  - ➢ पसिना पुछ्ने तथा नाकको सिँगान पुछ्ने
  - ➢ खाना खाने टेबलको उचित तौर तरिकाहरू
  - ➢ दिसा पिसाप गर्ने

- दैनिक जीवनमा, आफ्ना बच्चाहरूलाई निम्न कुराहरू सिक्ने अवसर दिनुहोस्:
  - ➢ ध्यान दिएर सुन्ने
  - ➢ प्रश्नहरूको जवाफ दिने
  - ➢ आफ्नो खाँचो व्यक्त गर्ने
  - ➢ अरूसँग मिलेर बस्ने

- विद्यालय शुरू हुनु पूर्व नयाँ शिक्षक तथा वातावरणसँग परिचित हुने उद्देश्यले मातापिताहरू, आफ्ना बच्चाहरू सँगै विद्यालयको "अभिमुखिकरण दिवस" वा "अभिमुखिकरण सप्ताह" साथै अन्य घुलमिल कार्यक्रमहरूमा सहभागी हुनु पर्छ।



पाठ 4

# मातापिताहरूले आफ्ना बच्चाहरूलाई विद्यालय जीवन शुरू गर्न कसरी मद्दत गर्न सक्छन्

- बच्चाहरूसँग विद्यालय परिसर वरिपरि घुमेर नयाँ वातावरणमा उनीहरूलाई परिचित बनाउनुहोस्।
- विद्यालयको विभिन्न सुविधाहरूको प्रयोग गर्न आफ्ना बच्चाहरूलाई सिकाउनुहोस्।
- आफ्ना बच्चाहरूलाई गाडि लिन र पुर्याउन आउने व्यवस्थाबारे बुझाइदिनुहोस् र उनीहरूलाई सुरक्षात्मक उपायहरूबारे याद दिलाउनुहोस्। विद्यालय पछि उनीहरूलाई लिन जाने भनेर बताउनुहोस् जसले गर्दा उनीहरू सुरक्षित महसुस गर्न सक्छन्।
- आफ्ना बच्चाहरूलाई विद्यालयका अन्य साथीहरूसँग मेलमिलाप गर्न प्रोत्साहन गर्नुहोस्। सोही समय अरू मातापिताहरूसँग पनि चिनजान गर्ने प्रयास गर्नुहोस्।
- आफ्नो बच्चाहरूको शिक्षकसँग निकट सम्पर्क बनाउनुहोस्।
- प्रत्येक दिन आफ्ना बच्चाहरूसँग कुराकानी गर्दै, उनीहरूको भावना तथा स्कूले जीवनको अनुभवहरूबारे कुराकानी गर्दै तथा कुनै आशंका भए सोको निवारण गर्दै उनिहरूलाई सुरक्षित महसुस गराउनुहोस्। यसबाट उनीहरूलाई शुरूको घुलमिल हुने समयमा सजिलै पार गर्न मद्दत पुग्छ।





## बच्चाले किन्डरगार्टन जीवनमा सामना गर्नु पर्ने मुश्किलहरूलाई बुझ्ने

- बच्चाहरूलाई विद्यालय जीवनको शुरूमा कतिपय कुराहरूमा बानी गर्न गाह्रो हुन सक्छ, जस्तै:
  - ➢ घरबाट टाढा हुने
  - ➢ मातापिताहरूबाट अलग हुने
  - ➢ अपरिचित वातावरण
  - ➢ अपरिचित मानिसहरू (शिक्षक तथा अन्य बच्चाहरू) को समूहसँग मिलजुल गर्ने
  - ➢ धेरै फराकिलो ठाउँमा पुग्ने
  - ➢ नियमित तालिकाको पालन गर्ने

पाठ 4

# मातापिताहरूले आफ्ना बच्चाहरूलाई विद्यालय जीवन शुरू गर्न कसरी मद्दत गर्न सक्छन्

- विद्यालय सत्रको शुरूमा बच्चाहरूले असामान्य प्रकारको व्यवहार देखाउन सक्छन्, जस्तैः
  - ➢ मातापिताहरूसँग असाधारण ढङ्गमा टाँसिने तथा भर पर्ने
  - ➢ अति थकित हुने
  - ➢ सजिलै झर्को मान्ने
  - ➢ घरीघरी औंला चुस्ने
  - ➢ कुनै विशेष कारण बिना ओछ्यानमा पिसाप गर्ने

तपाईँको बच्चाले नयाँ वातावरण अनुसार आफूलाई ढाली नसकेको कारणले यी सबै कुराहरू अस्थायी हुन सक्छन्। तपाईँले त्यति चिन्ता लिनु पर्दैन र तपाईँ र विद्यालयको रेखदेख तथा मार्गदर्शनमा तपाईँको बच्चा विस्तारै नयाँ वातावरणमा घुलमिल हुन सक्नेछ।

- यदि, तपाईँले सम्पूर्ण तयारीहरू गर्दा गर्दै पनि, तपाईँको बच्चा रूने तथा विद्यालय जान डराउने भए:
  - ➢ त्यति धेरै चिन्ता नलिनु किनभने नयाँ वातावरणमा बच्चाहरू फरक फरक प्रकारले घुलमिल हुने गर्दछन्।
  - ➢ डर नदेखाउनुहोस् वा आफ्नो बच्चालाई राम्रो चालचलन देखाउन केही कुरा दिएर नफकाउनुहोस्।
  - ➢ उनीहरूलाई विस्तारै फकाएर शिक्षकको देखरेखमा लगाउनुहोस्।
  - ➢ विद्यालय जीवनमा घुलमिल हुन अलिक समय दिनुहोस्।
  - ➢ उचित सहयोग तथा प्रोत्साहन दिनुहोस्, र उनीहरूको स्कूले जीवनबारे कुराकानी गर्नुहोस्।
  - ➢ विद्यालयमा तपाईँको बच्चाहरूको व्यवहारबारे बुझ्न आवश्यक भएमा शिक्षकहरूसँग निकट सम्पर्क बनाउनुहोस्, तथा बच्चाहरूको भलाईको लागि उनीहरूसँग मिलेर काम गर्नुहोस्।





# नयाँ पुस्ताको **पालनपोषण**का लागि घर-विद्यालयको सहयोगिता



पाठ 5

# नयाँ पुस्ताको पालनपोषणका लागि घर-विद्यालयको सहयोगिता

मातापिता तथा विद्यालय मिलेर काम गर्ने साझेदारहरू हुन्। बच्चाहरूको स्वस्थ विकास सुनिश्चित गर्नलाई, विद्यालयलाई मातापिताको सहयोगको आवश्यकता पर्दछ। त्यसकारण, विद्यालयमा आफ्ना बच्चाहरूको पढाइबारे थाहा पाउन मातापितालाई सहयोग गर्न घर र विद्यालयको एउटा निकट सम्बन्ध स्थापित गर्नु पर्छ, जसको फलस्वरूप दुवै पक्षहरू माझ समन्वयको विस्तार हुन जानेछ। मातापिताको सक्रिय सहभागिताले घर-तथा विद्यालय माझ सहयोगमा वृद्धि हुन सक्छ:

- विद्यालयको वातावरण तथा पाठ्यक्रमको व्यवस्थाबारे राम्ररी बुझ्न विद्यालयमा जाने गर्नुहोस्।
- तपाईँको बच्चाहरू विद्यालयमा कसरी पढ्छन् हेर्नुहोस्।





- बाल शिक्षण तथा विकासको विशेषताहरूबारे जान्नुहोस्। चाँडै आफ्ना बच्चाहरूलाई लेख्ने काम दिने अनुरोध न गर्नुहोस्, अथवा डिक्टेशन, जाँच र परीक्षा जस्ता अनुपयुक्त साधनहरूको प्रयोग गरि बच्चाहरूको पढाइको मूल्याङ्कन न गर्नुहोस्।
- विद्यालमा आयोजित मातापिताहरूको कृयाकलाप जस्तै मातापिता शिक्षक सङ्गठन, शिक्षा गोष्ठी, मातापिता बच्चाको कृयाकलाप, तथा भल्यून्टर एज पेरेन्ट सहयोगी आदिमा सहभागी बन्नुहोस्।
- विद्यालयमा तपाईँको बच्चाहरूको दैनिक अनुभवहरूबारे बुझ्नलाई शिक्षकहरूसँग निकट सम्पर्क बनाइ राख्नुहोस्।
- मातापिताको ह्यान्डबूक तथा विद्यालयबाट निकालेको सूचनामा भएको जानकारी पढ्नुहोस्। आवश्यक पर्दा विद्यालयमा सञ्चार गर्न मातापिताको न्यूजलेटर, बच्चाहरूको ह्यान्डबूक आदिको प्रयोग गर्नुहोस्।
- यदि तपाईँको बच्चाहरू कुनै प्रकारको खाद्यवस्तु, तापक्रम, दैनिक प्रयोगको सामान वा खेलौना आदिसँग एलर्जिक भए, तपाईँले उपयुक्त व्यवस्था गर्न विद्यालयमा खबर गर्नु पर्छ।
- विद्यालयद्वारा उपलब्ध गरिएको सञ्चार माध्यमहरूको प्रयोग गर्नुहोस्। विद्यालयको विकासमा टेवा पुर्याउन सकारात्मक प्रतिक्रिया तथा सुझावहरू दिने गर्नुहोस्।



# **व्यापक** तथा रमाइलो पठनपाठनद्वारा बच्चाहरूको क्षमताको विकास



पाठ 6

# व्यापक तथा रमाइलो पठनपाठनद्वारा बच्चाहरूको क्षमताको विकास

**गुणस्तरीय प्रारम्भिक बाल शिक्षाको लक्ष्य नीति, बौद्धिक क्षमता, शारीरिक गठन, सामाजिक सीप तथा सुन्दरता जस्ता विभिन्न क्षेत्रहरूमा बच्चाहरूको सन्तुलित विकास, तथा उनीहरूको सम्पूर्ण व्यक्तिगत विकास प्राप्त गर्नु हो।**

**गुणस्तरीय प्रारम्भिक बाल शिक्षाको लक्ष्य प्राप्त गर्नलाई, खेल तथा सार्थक कृयाकलापहरू जरूरी हुन्छ। एउटा आरामदायी तथा मनपर्दो सिकाइ वातावरणले बच्चाहरूको क्षमताको विकास हुन्छ, पठनपाठनमा उनीहरूको रुचि जगाउँछ र स्वस्थ तथा सुखी विकासमा मद्दत गर्छ।**

## एउटा गुणस्तरीय किन्डरगार्टनमा:

- बच्चाहरूको क्षमताको अनुकूल नहुने पाठ्यक्रम हुनु हुँदैन
- नर्सरी कक्षाका बच्चाहरूलाई लेख्न दिनु हुँदैन
- अत्याधिक गृहकार्य दिनु हुँदैन
- नक्कल गरि दोहोर्याउनु पर्ने काम दिनु हुँदैन
- अभ्यास प्रयोजनका लागि मात्र गणितका अभ्यासहरू गर्नु हुँदैन
- मेकानिकल कम्प्यूटर अभ्यासहरू गराउने हुनु हुँदैन
- अङ्ग्रेजी शब्दावली नक्कल गरि दोहोर्याउनु वा कण्ठस्थ गराउनु हुँदैन
- डिक्टेशन, जाँच वा परीक्षाहरूलाई मूल्याङ्कनका आधारका रूपमा प्रयोग गर्नु हुँदैन

उपरोक्त कुराहरूले बच्चाहरूको पठनपाठनमा रुचि कम गर्छ र उनीहरूको सृजनशीलतामा बाधा पुर्याउँछ।



## मातापिताहरूले आफ्ना बच्चाहरूलाई निम्न कुरामा प्रोत्साहन प्रदान गर्नु पर्छ:

- एउटा जिज्ञासु मन बनाउन
- खोज बिन गर्न
- उनीहरूको सृजनशीलता तथा कल्पनाको फाइदा उठाउन
- राम्रो पढ्ने बानी बसाउन
- उनीहरूको धारणा तथा विचारहरू व्यक्त गर्ने आत्मविश्वास बनाउन
- जीवन पर्यन्त सिक्ने कामको जग बसाल्ने गरि पठनपाठनमा रुचि जगाउन

पाठ 6

# व्यापक तथा रमाइलो पठनपाठनद्वारा बच्चाहरूको क्षमताको विकास

## बच्चालाई कसरी माया गर्ने

सबै मातापिताहरू आफ्ना बच्चाहरूलाई माया गर्छन्। तथापि, बच्चाहरूलाई चाहिने माया हो बहकाइ होइन। मातापिताको माया भनेको बच्चाहरूको लागि एउटा आवश्यक पोषण साथै मातापिता र बच्चाको सम्बन्ध कायम राख्ने महत्वपूर्ण जग हो। प्रत्येक बच्चा आ आफ्नै शरीर, सीप, चालचलन तथा रुचिले गर्दा अलग अलग हुन्छन्। मातापिताहरूले आफ्ना बच्चाहरूको विशेषतालाई बुझी स्विकार्नु पर्छ, र बच्चाहरूबाट उचित अपेक्षा मात्र राख्नु पर्दछ।

जीवन आफैँमा एउटा सिकाइ प्रक्रिया हो। विकासको क्रममा बच्चाहरूले विभिन्न प्रयास तथा गल्तीहरूका माध्यमबाट सिक्नु पर्छ। मातापिताहरूले आफ्ना बच्चाहरूको बदमासीलाई औंल्याउनु पर्छ, उनीहरूलाई व्यक्तिगत रूपमा होइन, तर धैर्यता साथ मार्गदर्शन प्रदान गर्नु पर्छ। बच्चाहरूले राम्रो गर्दा निर्दिष्ट उत्साह प्रदान गर्नुहोस्, जस्तै उनीहरूको मेहनत तथा एकाग्रताको प्रशंसा गर्ने। बच्चाहरूलाई असफलताहरूको सामना गर्नु परेमा, मातापिताहरूले उनीहरूलाई सहयोग तथा हौसला प्रदान गर्नु पर्छ। यसको अतिरिक्त, मातापिताहरूले आफ्ना बच्चाहरूसँग खेल्न, कुरा गर्न, उनीहरूको कुरा सुन्न र उनीहरूको भावना र विचारहरूमा जोड दिन प्रत्येक दिन केही समय निकाल्नु पर्छ।

बच्चाहरूलाई अनुशासित तुल्याउन, मातापिताहरू आफ्नो तरिका तथा विचारहरूमा एकरूपता कायम गर्नु पर्छ। उनीहरूको व्यवहार उनीहरूले भन्ने कुरासँग मिल्नु पर्छ। आफ्ना बच्चाहरूका लागि राम्रो उदाहरण बनेर देखाउनु पर्छ। बच्चाहरूलाई असल आदत बसाइ स्वस्थ र सुखी भएर हुर्कन मद्दत गर्ने उद्देश्यले मातापिताहरूले शिक्षकहरूसँग मिलेर काम गर्नु पर्छ।





## मातापिताहरूका लागि "बच्चालाई कसरी माया गर्ने" बारे केही सुझावहरू:

बच्चाहरूलाई माया गर्नु तर नपुलपुल्याउनू

बच्चाहरूको क्षमतालाई लिएर वास्तविक अपेक्षा राख्नु

बच्चाहरूको शारीरिक तथा मनोवैज्ञानिक भलाईका लागि चिन्ता गर्नु

उनीहरूको सुख दुख बाँड्नु

आफ्ना बच्चाहरूसँग दैनिक सञ्चार निर्माण गर्नु

बच्चाहरूले भुल गर्दा धैर्य धारण गर्नु

आफ्नो बच्चाहरूको लागि एउटा आदर्श बन्नु

आफ्नो प्रोत्साहन तथा प्रशंसा सम्बन्धी उदार बन्नु

बदमास काम सुधार गर्न उपयुक्त तवरमा अनुशासन प्रयोग गर्नु

घर तथा विद्यालय माझ असल सहयोगको वातावरण कायम राख्नु

# शिशु सेवा संस्थाहरू

**निम्न अनुसार व्यावसायिक सहयोग सेवाहरू उपलब्ध छन्:**

1. **स्वास्थ्य विभाग (Department of Health)**

   फोन: 2961 8989 / 2961 8991

2. **शिशु मूल्याङ्कन केन्द्रहरू, स्वास्थ्य विभाग (Child Assessment Centres, Department of Health)**
   - Fanling Child Assessment Centre
     फोन: 2639 1402
   - Pamela Youde Child Assessment Centre (Shatin)
     फोन: 2210 1600
   - Tuen Mun Child Assessment Centre
     फोन: 2468 5261
   - Ha Kwai Chung Child Assessment Centre
     फोन: 3651 5600
   - Central Kowloon Child Assessment Centre
     फोन: 2246 6633
   - Pamela Youde Child Assessment Centre (Kwun Tong)
     फोन: 2727 8474
     2727 8475
   - Ngau Tau Kok Child Assessment Centre
     फोन: 2921 1028

3. **परिवार स्वास्थ्य सेवा, स्वास्थ्य विभाग (Family Health Service, Department of Health)**

   फोन: 2961 8855
   2112 9900 (24-घण्टे स्वचालित टेलिफोन सोधपुछ प्रणाली)

4. **परिवार सेवा शाखा तथा एकीकृत परिवार सेवा केन्द्रहरू, सामाजिक कल्याण विभाग (Integrated Family Services and Integrated Family Service Centres, Social Welfare Department)**

   हटलाईन: 2343 2255

5. **बाल शोषण विरुद्ध (Against Child Abuse)**
   - Head Office
     फोन: 23542 5722
   - Chuk Yuen Centre
     फोन: 2351 6060
   - Tuen Mun Centre
     फोन: 2450 2244
   - Kwai Chung Centre
     फोन: 2915 0607
   - हटलाईन: 2755 1122

6. **सामाजिक सेवाको लागि हङकङ परिषद (सेवा विकास – परिवार तथा समुदाय) (The Hong Kong Council of Social Service - Family and Community Service)**

   फोन: 2876 2421

7. **प्रारम्भिक बाल शिक्षा तथा सेवाको लागि हङकङ परिषद (Hong Kong Council of Early Childhood Education and Services)**

   फोन: 2788 1666

8. **शिक्षा विभाग (Education Bureau)**

   फोन: 2891 0088 (सामान्य सोधपुछ)

   2832 7700 (वद्यालय स्थान बाँडफाँड शाखा - प्राथमकि एक प्रवेश)

## अन्य संस्थानहरूको हटलाईनहरू

1. **द बोइज एण्ड गर्ल्स क्लब एशोसिएशन अफ हङकङ (The Boys' and Girls' Clubs Association of Hong Kong)**

   मातापिताहरूको हटलाईन: 2866 6388

2. **टूङ वा ग्रूप अफ हस्पिटल्स (Tung Wah Group of Hospitals)**

   चाइल्ड केयर हटलाईन: 2770 2262

3. **हङकङ लुथर्न सोशल सर्भिस (Hong Kong Lutheran Social Service)**

   लुथर्न मातापिताहरूको हटलाईन: 3622 1111

## अन्य सन्दर्भहरू

1. **Parent Education Information at Kindergarten Stage**

   वेबसाइट: https://www.edb.gov.hk/en/student-parents/parents-related/parent-info/index.html

2. **HKEdCity**

   वेबसाइट: https://www.edcity.hk

# शिक्षा विभाग अन्तर्गत क्षेत्रीय शिक्षा कार्यालयहरू

## हङकङ रिजनल एड्यूकेशन अफिस (Hong Kong Regional Education Office)

| | टेल |
|---|---|
| Enquiries | 2863 4646 |
| District School Development Sections | |
| Central & Western District | 2863 4678 |
| Wan Chai District | 2863 4626 |
| Hong Kong East District | 2863 4649 |
| Southern District | 2863 4664 |
| Islands District | 2863 4634 |

## कोलून रिजनल एड्यूकेशन अफिस (Kowloon Regional Education Office)

| | |
|---|---|
| Enquiries | 3698 4108 |
| District School Development Sections | |
| Yau Tsim & Mong Kok District | 3698 4163 |
| Sham Shui Po District | 3698 4196 |
| Kowloon City District | 3698 4141 |
| Wong Tai Sin District | 3698 4219 |
| Kwun Tong District | 3698 4178 |
| Sai Kung District | 3698 4206 |

## न्यू टेरिटोरिज ईष्ट रिजनल एड्यूकेशन अफिस (New Territories East Reginal Education Office)

| | टेल |
|---|---|
| Enquiries | 2639 4876 |
| District School Development Sections | |
| Sha Tin District | 2639 4857 |
| Tai Po District | 2639 4856 |
| North District | 2639 4858 |

## न्यू टेरिटोरिज वेस्ट रिजनल एड्यूकेशन अफिस (New Territories West Regional Education Office)

| | |
|---|---|
| Enquiries | 2437 7272 |
| District School Development Sections | |
| Kwai Chung & Tsing Yi District | 2437 5433 |
| Tsuen Wan District | 2437 5457 |
| Tuen Mun District | 2437 5483 |
| Yuen Long District | 2437 7217 |

परिशिष्ट 3

# नि:शुल्क गुणस्तरीय किन्डरगार्टेन शिक्षा

## नि:शुल्क गुणस्तरीय किन्डरगार्टेन शिक्षा

सरकारले विद्यालय वर्ष 2017/18 देखि प्रभावकारी हुने गरी नि:शुल्क गुणस्तरीय किन्डरगार्टेन शिक्षा नीतिको सुरुवात गर्छ। नीतिका उद्देश्यहरूमा राम्रो गुणस्तरको तथा किफायती किन्डरगार्टेन शिक्षा उपलब्ध गराउने तथा विद्यार्थीहरूलाई उनीहरूको विशिष्ट आवश्यकता सुहाउँदा सेवाहरूको पहुँचलाई वृद्धि गर्ने आदि पर्दछन्। नयाँ नीति अन्तर्गत, नि:शुल्क गुणस्तरीय किन्डरगार्टेन शिक्षा योजनामा सहभागी हुने योग्य स्थानीय गैर-नाफामूलक किन्डरगार्टेनहरूलाई तीन-वर्षे गुणस्तरीय आधा-दिन सेवाको प्रावधानका आधारभूत अनुदान सबै योग्य बालबालिकाहरूलाई उपलब्ध गराइनेछ। किन्डरगार्टेनहरूलाई पूर्ण-दिन र लामो पूर्ण-दिन सेवाहरूको किन्डरगार्डेन सेवा प्रदान गर्न अतिरिक्त अनुदान उपलब्ध गराइनेछ जसकारण आमाबुवाहरुले न्यून स्तरमा अनुदान दिइएको विद्यालय शुल्क भुक्तान गर्नेछन् ।

वित्तीय साधनको अभावको कारणले किन्डरगार्टेन शिक्षामा पहुँच गर्न कुनै पनि बच्चा अस्वीकार नगरियोस् भन्ने सुनिश्चित गर्न आवश्यकतामा रहेका परिवारहरूको लागि विद्यमान किन्डरगार्टेन तथा बाल स्याहार केन्द्र नि:शुल्क मिनाहा योजना अन्तर्गत उपलब्ध गराइएको शुल्क मिनाहा जारी राखिनेछ जसलाई काम गर्ने परिवार र छात्र वित्तीय सहायता निकायको विद्यार्थी वित्तीय कार्यालयमा साधन जाँच पास गर्न सकिन्छ।

सोधपूछ हटलाइन: 2802 2345



परिशिष्ट 4

# किन्डरगार्टेन शैक्षिक पाठ्यक्रम मार्गदर्शक

## किन्डरगार्टेन शैक्षिक पाठ्यक्रम मार्गदर्शक

2016/17 विद्यालय वर्षमा, पाठ्यक्रम विकास परिषद्ले किन्डरगार्टेन शैक्षिक पाठ्यक्रम मार्गदर्शक प्रकाशन गरेको थियो। विषयवस्तुले पाठ्यक्रमको उद्देश्य र ढाँचा, पाठ्यक्रम योजना, सिकाई, शिक्षण र मूल्याङ्कन, बालबालिकाहरूको विविधता अनुसारका आवश्यकता परिपूर्ति, किन्डरगार्टेन र प्राथमिक शिक्षाकोबीचका व्यवस्थापन र अन्तरसम्बन्ध वृद्धि गर्ने, घर-विद्यालयको समन्वय तथा सामुदायिक स्रोतहरूको प्रयोग र शिक्षकहरूको पेशागत विकास समेट्छ। आमाबुवाहरू नै बालबालिकाहरूको पहिलो शिक्षकहरू हुन्, सरकारले किन्डरगार्टेन पाठ्यक्रमको बारेमा आमाबुवाहरूलाई आधारभूत ज्ञान होस् भनी प्रोत्साहित गर्दछ, जसकारण उनीहरु आफ्ना बच्चाहरुलाई स्वस्थकर र खुसीका साथ जीउन तथा वृद्धि-विकास गर्नमा मद्दत गर्न विद्यालयहरूसँग सहकार्य गरी काम गर्न सक्दछन् ।

किन्डरगार्टेनमा शैक्षिक पाठ्यक्रम मार्गदर्शक निम्नानुसार प्रप्त गर्न सकिन्छ:

EDB website > Education System and Policy > Kindergarten Education > About Kindergarten Education > *Kindergarten Education Curriculum Guide*



# किन्डरगार्टन जाने उमेरका बच्चाहरूलाई सहयोग गर्ने

सरकारी प्रबन्ध विभागद्वारा मुद्रित

शिक्षा विभाग

2017